SRIJANA
FINANCE LTD. सिर्जना फाईनान्स लिमिटेड
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था
प.लि.नम्बर ६८४/०५४/०५५ ने.रा.बैंक ई.प्रा. ग/४६/०६२/०६३

HEAD OFFICE, HANUMAN DAS ROAD, BIRATNAGAR-8
Phone: +977-21-528049/528058 Fax: +977-21-528048
E-mail: info@srijanafinance.com
Website: www.srijanafinance.com

च.नं. ६६४

मिति २०७५/०९/०८

SRIJANA
FINANCE LTD. सिर्जना फाईनान्स लिमिटेड

श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड

सिहदरवार प्लाजा, काठमाण्डौं

बिषय : शेयर दाखिल खारिज रोक्का राखि दिने सम्बन्धमा ।

महोदय,

यस बित्तीय संस्थाको मिति २०७५ पौष ६ गते शुक्रबार बेलुका ४.३० मा बसेको सञ्चालक समितिको १९५औं बैठकले नेपाल राष्ट्र बैंकबाट स्वीकृत भई आएको २०७५ असारमसान्तसम्मको बित्तीय बिबरणमा सञ्चित मुनाफाबाट शेयर पूँजीको पन्द्र (१५) प्रतिशत बोनस शेयर बितरण गर्ने र नौ दशमलब पचास (९.५०) प्रतिशत नगद लाभाँश बितरण गर्ने प्रस्ताब मिति २०७५ पौष २८ गते अठारौं बार्षिक साधारण सभा स्वीकृतिकालागि पेश गर्ने निर्णय भएको व्यहोरा अनुरोध गर्दै मिति २०७५ पौष १३ गते देखि २०७५ पौष २८ गते सम्म शेयर दाखिल खारिज रोक्का राखि दिन हुन जानकारीकालागि अनुरोध छ ।

संलग्न

१. साधारण सभाको सूचना मिति २०७५/०९/०७ मा नागरीक दैनिकमा प्रकाशित प्रतिलिपी ।

बोधार्थ

१. श्री नेपाल धितोपत्र बोर्ड

जाबलाखेल, ललितपुर : जानकारीकालागि ।

प्रभाकरकुमार देबकोटा

कम्पनी सचिब

सिर्जनाका ...

# SRIJANA

FINANCE LTD. सिर्जना फाईनान्स लिमिटेड

नेपाल राष्ट्र बैंकबाट 'ग' बर्गको ईजाजतपत्र प्राप्त संस्था

**Head Office: Biratnagar, Morang-7, Ph:021-528058/49 Fax:021-528048**


## साधारण सभा सम्बन्धी सूचना

यस वित्तीय संस्थाको मिति २०७५ पौष ६ गते बसेको संचालक समितिको १९५औं वैठकको निर्णयानुसार ~~सत्रौं~~ अठारौं वार्षिक साधारण सभा निम्न विषयहरु उपर छलफल गरी निर्णय गर्न देहायका मिति, समय र स्थानमा बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिका लागि अनुरोध गरिन्छ।

**सभा हुने मिति, समय र स्थानः**

मितिः२०७५ पौष २८ गते शनिबार (२०१९ जनबरी १२)

समयःदिनको ११ बजे

स्थानःमोरङ व्यापार संघको सभाकक्ष, बिराटनगर

**छलफलका विषयहरु**

(क) सामान्य प्रस्तावः

१. आर्थिक बर्ष २०७४/७५ को संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने।

२. लेखा परिक्षकको प्रतिवेदन सहित २०७५ असार मसान्तको वासलात, नाफा, नोक्सान हिसाब, नगद प्रवाह विवरण र सम्वद्ध अनुसूचीहरुमा छलफल गरी पारित गर्ने।

३. कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व.०७५/७६ का लागि लेखा परिक्षण गर्न लेखा परिक्षण समितिको सिफारिस बमोजिम लेखा परिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक तथा नियुक्तिको शर्त तोक्ने।
(लेखा परिक्षण समितिको सिफारीसमा चार्टड एकाउण्टेण्ट श्री किञ्जल पोखरेल नियुक्तिकालागि योग्य हुनुहुन्छ।)

४. सञ्चालक समितिले प्रस्ताब गरे बमोजिम चुक्ता पूँजीको नौ दशमलब पाँच शून्य (९.५०) प्रतिशत रु. ३,८०,६४,६००/- नगद लाभाँश (कर प्रयोजन समेतकालागि) बितरण गर्ने प्रस्ताब स्वीकृत गर्ने।

५. यस बित्तीय संस्थाको संस्थापक समूहबाट २ जना र सर्व साधारण समूहबाट २ जना गरी चार जना सञ्चालकको निर्वाचन गर्ने।

(ख)विशेष प्रस्ताव

१.बित्तीय संस्थाको चुक्ता पूँजीको पन्द्र (१५) प्रतिशत बोनस शेयर जारी गर्ने र सो गर्दा बित्तीय संस्थाको पूँजी समेत बृद्धि हुने हुदा सो का लागि प्रबन्ध प्रत्रको दफा ५ (ख) र ५ (ग) लाई संशोधन गरी जारी पूँजी र चुक्ता पूँजी समेत बृद्धि गर्ने। (बोनस शेयर जारी गर्दा हुन आउने दशमलव पछीको अंक (Fraction Share) शेयरलाई नपुग रकम सम्बन्धित शेयरधनीबाट प्राप्त गरी एकमा परिणत गर्ने र सो गर्दा साविककै शेयर स्वामित्व (पूँजी प्रतिशत) कायम राख्ने गरी जारी पूँजी तथा चुक्ता पूँजी संशोधन गरी पेश गरिने।)

२.यस बित्तीय संस्थाको संचालक समितिले सिफारिस गरे बमोजिम चुक्ता पूँजी रु. ४०,०६,८०,०००/– को १५ प्रतिशतका दरले हुन आउने बोनस शेयर रु. ६,०१,०२,०००/- लाई समाबेश गरी कायम हुने चुक्ता पूँजी रु.४६,०७,८२,०००/- को गत बिशेष साधारण सभाको निर्णय बमोजिम जारी हुने क्रममा रहेको साठी प्रतिशत हकप्रद शेयर रु. २७,६४,६९,२००/- को जारी गर्ने प्रस्ताव पारित गर्ने।

३.बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम यस बित्तीय संस्थाको नियमाबलीमा संशोधन तथा परिमार्जन गर्ने।

४.यस बित्तीय संस्थाको प्रबन्ध पत्र र नियमाबलीमा संशोधन तथा परिमार्जन गर्दा नियमनकारी निकायको सुझाब बमोजिम परिबर्तन गर्न सञ्चालक समितिलाई अख्तियारी दिने।

(ग) विविध।

**सभा सम्बन्धी सामान्य जानकारी**

१. शेयरधनी दर्ता किताबमा नाम दर्ता भएका शेयरधनीहरुले आफै वा प्रतिनिधि मार्फत सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछ। नाबालक शेयरधनीहरुको तर्फबाट नाबालकको संरक्षक वा निजले नियुक्त गरेको प्रतिनिधिले सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न सक्नेछन्। शेयरधनीहरुको दर्ता किताबमा संरक्षकको रुपमा नाम लेखिएको व्यक्तिलाई मात्र संरक्षक मानिनेछ।

२. संयुक्त रुपमा एकजना भन्दा बढी व्यक्तिको नाममा शेयर लिएकोमा त्यस्तो साझेदारहरु द्धारा मनोनित गरिएको साझेदारले वा निजहरुले मनोनित गरेको प्रतिनिधिले र सो बमोजिम कुनै साझेदार मनोनित हुन नसकेकोमा शेयरधनीहरुको दर्ता किताबमा जसको नाम पहिले उल्लेख भएको छ सोहि व्यक्तिले दिएको मत वा प्रतिनिधिपत्र मात्र सदर हुनेछ।

३. सभामा भाग लिन, छलफल गर्न र मतदान गर्नको लागि प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनीले सिर्जना फाईनान्सको अर्को कुनै शेयरधनीलाई मात्र प्रतिनिधि नियुक्त गर्न सक्नुहुनेछ।

४. प्रतिनिधि नियुक्त हुने शेयरधनीले सभा सुरु हुनु भन्दा ७२ घण्टा अगावै प्रतिनिधि पत्र यस बित्तीय संस्थाको शेयर रजिष्ट्रार सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौंमा बुझाई सक्नुपर्नेछ।

५. प्रतिनिधि नियुक्त गरी सोको लागि प्रतिनिधि पत्र यस बित्तीय संस्थाको शेयर रजिष्ट्रारलाई बुझाई सकेपछि प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि दिन चाहेमा सोको सूचना सभा सुरु हुन भन्दा ७२ घण्टा अगावै शेयर रजिष्ट्रारलाई दिनुपर्नेछ। नयाँ प्रतिनिधिको हकमा दफा ३ र ४ बमोजिम हुनेछ।

६. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि नियुक्त गरेको अवस्थामा दफा ५ बमोजिम बदर गरिएकोमा बाहेक त्यस्तो सबै प्रतिनिधि बदर हुनेछ।

७. प्रतिनिधि नियुक्त गर्ने शेयरधनीले कुनै कारणवश त्यस्तो प्रतिनिधि बदर गरी आफै सभामा उपस्थित भई सभामा भाग लिन, छलफल गर्न र मतदान गर्न चाहेमा सोको लिखित सूचना सभा शुरु हुनु भन्दा ७२ घण्टा अगावै बित्तीय संस्था वा शेयर रजिष्ट्रारमा बुझाई सक्नुपर्नेछ।

८. विविध शीर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफूले प्रश्न गर्न चाहेको बिषय बारे सभा हुनुभन्दा ७ दिन अगावै बित्तीय संस्थाको केन्द्रीय कार्यालय, बिराटनगरमा जानकारी दिनुपर्नेछ। त्यसरी जानकारी नदिएको विषय उपर छलफल गर्न सकिने छैन।

९. मिति २०७५ पौष १३ गते देखि सत्रौं साधारणसभा नभएसम्म शेयर दाखिल खारेज दर्ता बन्द गरिनेछ।

१०. आफ्नो परिचय पत्र सहित बित्तीय संस्थाले जारी गरेको प्रवेश-पत्र वा शेयर प्रमाण पत्र वा बित्तीय संस्थाको शेयर अभौतिकीकरण गरेको देखिने अभौतिकीकरण खाता, अर्थात् हितग्राही (डिम्याट) खाताको विवरण (DEMAT Account no.) प्रस्तुत गरेपछि मात्र सभा कक्ष भित्र प्रवेश गर्न पाईनेछ।

११. सभाको दिन सभा शुरु हुनुभन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध गरिन्छ। साथै शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन बिहान १०:०० बजेदेखि हाजिर पुस्तिका खुल्ला रहनेछ।

**द्रष्टव्यः** बित्तीय संस्थाको वार्षिक प्रतिवेदन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई हुलाक/कुरियर मार्फत पठाईनेछ। कारणवश उक्त प्रतिवेदन प्राप्त हुन नसकेमा केन्द्रीय कार्यालय तथा यस बित्तीय संस्थाको शेयर रजिष्ट्रारबाट प्राप्त गर्न सक्नुहुनेछ। साथै साधारण सभा सम्वन्धित वार्षिक प्रतिवेदन र छलफलका विषयहरु यस बित्तीय संस्थाको वेबसाइट www.srijanafinance.com मा पनि राखिएको हुँदा त्यहाँबाट समेत हेर्न सकिने व्यहोरा जानकारी गराउँदछौं।